# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-४ सङ्ख्या-१ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०७७/०८/२९

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिककाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## गाउँपालिकास्तरीय ऊर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०७७

प्रस्तावनाः

गाउँपालिका क्षेत्र भित्र नवीकरणीय ऊर्जा सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न ऊर्जा विकास उप-समिति गठन गरी आफ्नो दैनिक कार्य सञ्चालन गर्न र गाउँपालिका क्षेत्रका सेवाग्राहीहरुलाई ऊर्जा सम्बन्धी सम्पूर्ण सेवाहरु चुस्त बनाउने कार्यलाई व्यबस्थित गर्न व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद -१

प्रारम्भ

१. **संक्षित नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " गाउँपालिकास्तरीय उर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि २०७७" रहने छ।

(२) यो कार्यविधि गाउँपालिका कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उप-समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम पूर्वाधार विकास समिति अन्तर्गत गठित उर्जा विकास उप-समिति लाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "संयोजक" भन्नाले उपसमितिको संयोजलाई सम्झनुपर्दछ।

परिच्छेद -२

उप-समितिको गठन तथा पदाबधि

३. **उप समिति गठनः** (१) गाउँ कार्यपालिकाद्वारा पूर्वाधार विकास समिति अन्तर्गत रहने गरी ७ सदस्यीय एक ऊर्जा विकास उप-समितिको गठन गरिनेछ। उप-समितिमा देहायका पदहरु रहनेछः

क) नवीकरणीय ऊर्जामा सामान्य जानकारी भएको कार्यपालिका सदस्य - संयोजक

ख) विषयगत विज्ञ, निजी क्षेत्र, महिला, पछाडि पारिएका, दलित तथा विपन्न बर्गको समावेसी समानुपातिक प्रतिनिधित्वको आधारमा ४ देखि ६ जना कार्यपालिकाले छनौट गरेका सदस्य -सदस्य

(२) गाउँपालिका उपाध्यक्ष उप-समितिको संरक्षक, पूर्वाधार विकास समितिको संयोजक र प्रमुख प्रशासकीय अधिकृत सल्लाहकारको रुपमा रहने छन्।

(३) ऊर्जा विकास उप-समितिको पदाधिकारीहरुको पदाबधि बढीमा ४ बर्षको हुनेछ।

४. **पदमुक्त हुने अवस्थाः** देहायको अवस्थामा उप समितिका पदाधिकारी पद मुक्त हुनेछन्।

(क) पदाधिकारीहरुले दिएको राजीनामा स्वीकृत भएमा ऊर्जा विकास उप-समितिका पदाधिकारीहरुले दिएको राजीनामा पूर्वाधार विकास समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत हुनेछ।

(ख) पदाधिकारीहरुको मृत्यु भएमा।

(ग) पदाधिकारीहरुको समयावधि समाप्त भएमा।

(घ) मानसिक रुपमा स्वास्थ नरहेमा।

(ङ) कुनैपनि फौजदारी अभियोग प्रमाणित भएमा।

## परिच्छेद -३

## उप-समितिको काम, कर्तव्य र अधिकार

५. **उप समिति काम, कर्तव्य र अधिकारः** (१) गाउँ कार्यपालिका र पूर्वाधार विकास समितिको प्रत्येक्ष सुपरिवेक्षणमा रहि ऊर्जा विकास उप-समितिको निम्न अनुसारको काम, कर्तव्य र अधिकार हुनेछः

(क) गाउँ कार्यपालिका, पूर्वाधार विकास समिति र गाउँसभा प्रति उत्तरदायी हुने र कार्यपालिका तथा पूर्वाधार विकास समितिबाट प्राप्त ऊर्जा विकास सम्बन्धी नीति, निर्देशन तथा सुझावहरुलाई अबलम्बन गर्ने।

(ख) ऊर्जा विकास उप-समितिको आवश्यकता अनुसार वैठक राख्ने, निर्णयहरु गर्ने र भएका निर्णयहरुलाई पूर्वाधार विकास समिति मार्फत् कार्यपालिकामा अनुमोदनको लागि पेश गर्ने।

(ग) नवीकरणीय ऊर्जा र अन्य ऊर्जा सम्बन्धी आवश्यक ऐन, कानून, नीति तथा कार्यविधिहरु समावेशी, समानुपातिक प्रतिनिधित्वको आधारमा तयार गरी पूर्वाधार विकास समिति मार्फत् कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने तथा समयानुकुल यस्ता नियम तथा कार्यविधिहरु पुनराबलोकन गरी संसोधन गरी पारित गराउने।

(घ) समग्र ऊर्जा विकासको लागि एक ऊर्जा इकाई स्थापना गरी यसको संस्थागत विकासमा सहयोग गर्ने। इकाईलाई आवश्यक जनशक्ति तथा भौतिक सामाग्रीहरुको लागि कार्यपालिकासँग पहल गर्ने।

(ङ) ऊर्जा सम्बन्धी प्रभाबकारी सेवा प्रवाहको लागि नागरिक बडापत्र तयार गर्ने र यसमा उल्लेख भएका सबै सेवा गाउँबासीहरुलाई जनचेतना गराउने।

(च) नवीकरणीय ऊर्जाको वार्षिक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा महिला, दलित तथा सिमान्तकृत बर्ग तथा समुदायहरुलाई प्राथमिकता दिई सहभागिता गराउने।

(छ) नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरुको कार्यान्वयन तथा जडानमा एकल महिला घरधुरी, सिमान्तकृत विपन्न तथा दलित घरधुरीहरुलाई विशेष अनुदानको व्यवस्थाका लागि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकालाई

(ज) उक्त प्रावधानको अनुमोदनको लागि अनुरोध गर्ने।

(झ) गाउँपालिकाको ऊर्जा सम्बन्धी आवधिक, वार्षिक योजना तर्जुमामा गर्न सहयोग गर्ने। साथै यस्ता योजनाहरु वास्तविक र जनमूखी बनाउने तथा समयानुकुल परिमार्जन गर्दै जाने। यस्ता ऊर्जा योजनाका तयारीका विभिन्न चरणहरुमा गाउँपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाउने।

(ञ) ऊर्जा योजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यलाई मध्यनजर राख्दै गाउँपालिकाको वार्षिक ऊर्जा योजनाको तर्जुमा गर्ने।

(ट) नवीकरणीय ऊर्जा को समुदायस्तर देखि नै क्रियाकलापहरुको सहभागीतात्मक पहिचान, माग सङकलन, प्राथमिकीकरण गरी पूर्वाधार विकास समिति मार्फत कार्यपालिकाबाट अनुमोदन गराउने।

(ठ) गाउँपालिकाको वार्षिक, अर्धवार्षिक वा मासिक समिक्षा गरी आवश्यकता अनुसार प्रभाबकारी कार्यन्वयनका लागि पहल गर्ने। आश्यवकता अनुसार समिक्षाको प्रतिवेदन तयार गरी सम्बन्धित निकाय र सरेकारवालाहरु समक्ष पेश गर्ने।

(ड) समुदायस्तरबाट गाउँपालिकामा माग भई आएका ऊर्जा सम्बन्धी क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्न भौतिक पूर्वाधार विकास समितिमार्फत् कार्यपालिकामा पेश गर्ने।

(ढ) गाउँपालिकाबाट प्राप्त बजेटको उचित व्यवस्थापन गरी ऊर्जा सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन गर्ने, अनुगमन गर्ने तथा प्रभाबकारी कार्यान्वयनको लागि उपभोक्ताहरुलाई सुझाव र सल्लाह दिने। आवश्यक परे कार्यान्वयन भएका कार्यहरुको गुणस्तर कायम गर्न विषय विषशेज्ञहरुसँग परामर्श, तथा आवश्यक समन्वय गर्ने।

(ण) गाउँपालिकामा गठित अनुगमन समिति तथा आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गराउने।

(त) गाउँपालिकामा गठन भई क्रियाशिल रहेका अन्य समिति वा उप-समितिहरुसँग आपसी सहयोग र समन्वयमा कायम गर्ने।

(थ) ऊर्जाका वार्षिक क्रियाकलापहरुको कार्यान्वयनका क्रममा खरिद गरीने वस्तु तथा सेवाका लागि कार्यपालिकालाई खरिद सम्बन्धमा आवश्यक पर्ने कागजात, प्राविधिक स्पेशिफिकेशन तयारी तथा सेवा प्रदायक समूहको छनौटका लागि सहयोग गर्ने।

(द) ऊर्जा विकास तथा कार्यान्वयनका लागि सम्भाव्य सरोकारवालाहरुको पहिचान गरी समन्वय गर्ने तथा आवश्यकता अनुसार बैठक राखी सुझावहरु लिने तथा दिने।

(ध) अध्यक्षको सहयोगमा नवीकरणीय ऊर्जा विकास तथा प्रवर्द्धनका लागि आन्तरिक तथा बाह्य स्रोतहरुको पहिचान तथा परिचालन गर्ने।

(न) नवीकरणीय ऊर्जा सेवा प्रवाहमा अनुदान नीतिलाई अत्यावश्यक क्षेत्र तथा घरपरिवार बाहेक क्रमशः कम गर्दै लैजाने र वित्तीय क्षेत्रको लगानीलाई प्रर्वद्धन गर्ने।

(ऩ) गाउँपालिकाबाट घर निर्माण नक्सा पास गर्दा भवन निर्माण आचार संहितामा ऊर्जा मैत्री बनाउन पूर्वाधार विकास समितिलाई सहयोग गर्ने।

(प) ऊर्जा विकास योजना तयारी, कार्यान्वयन तथा अनुगमनको क्रममा आईपर्ने आवश्यक निर्णयहरु गर्ने र पूर्वाधार विकास समितिमार्फत कार्यपालिकामा पेश गर्ने।

(फ) ऊर्जा योजना तर्जुमा तथा यसको कार्यान्वयनबाट संभावित पर्नसक्ने नकारात्मक प्रभावहरुको (वातावरणीय, विपद जोखिम तथा सामाजिक द्धन्द) समयमा सचेत रहने र न्यूनिकरण तथा व्यवस्थापनका उपायहरुको अवलम्बन गर्ने।

(ब) ऊर्जाको उत्पादनमूखी प्रयोगमा जोड दिई ऊर्जामा आधारित घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने। ऊर्जालाई स्थानीयस्तरमा कृषि उत्पादनमा वृद्धि गरी आयातलाई घटाउने, मूल्य श्रृंखला वृद्धि गर्ने र रोजगारीको अवसरमा वृद्धिमा जोड दिन पहल गर्ने।

(भ) नवीकरणीय ऊर्जा प्रविधिको जडान पश्चात् स्थानीयस्तरमै सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रहरुलाई जडान पश्चातको सेवा संयन्त्रको विकास तथा कार्यान्वयनमा जोड दिने।

(म) ऊर्जा सम्बन्धि विभिन्न प्रविधिहरुको सिप तथा ज्ञानका लागि क्षमता अभिवृद्धि (तालीम, गोष्ठी, सिकाई भ्रमण, अभिमुखिकरण तथा जनचेतना) योजना तयार तथा कार्यान्वयन गर्ने।

(य) ऊर्जा विकास सम्बन्धि कार्य गर्न विज्ञ आवश्यक परे पूर्वाधार विकास समिति, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्षमार्फत सेवा खरिद गर्ने व्यवस्था मिलाउने।

(र) आवश्यकता अनुसार विकास साझेदारहरुसँगको साझेदारीमा ऊर्जा प्रर्वद्धनको कार्यक्रमहरुलाई प्राथमिकता दिने।

(ल) उप-समितिको वैठक तथा अन्य सञ्चालन खर्चका लागि कार्यपालिकामा पेश गर्ने।

(व) उप-समितिका संयोजकले उप-समितिका सम्पूर्ण पदाधिकारीहरुलाई नेतृत्व गर्ने छन् भने अन्य सदस्यहरुले संयोजकलाई सहयोग गर्नु सदस्यहरुको जिम्मेवारी रहने छ। ऊर्जा सम्बन्धी सवै कार्यमा सल्लाहकारहरुको सुझाव लिने व्यवस्था गरिएको छ।

६. **कार्य विवरण:** ऊर्जा विकास उप-समितिको आफ्नो छुट्टै कार्य विवरण हुनेछ र कार्य विवरणको मूलमर्मलाई केन्द्रविन्दुमा राखी उप-समितिका पदाधिकारीहरुने आफ्नो पद अनुसार सम्पादन गर्ने कार्य विवरण तयार गरी संयोजकबाट स्वीकृत गराउनु पर्दछ। स्वीकृत कार्य विवरणका आधारमा तोकिएका कार्य सम्पादन गर्न उप-समितिका प्रत्येक सदस्यहरुको कर्तव्य र जिम्मेवारी हुनेछ। उप-समितिको विस्तृत कार्य विवरण अनुसुची-१ मा उल्लेख गरीएको छ।

७. **कार्य सम्पादनका आधारहरु:** उप-समितिले कार्य सम्पादन गर्दा नेपालको संविधान र अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरीक्त देहाएका बमोजिम गर्नु पर्नेछ:

(क) गाँउपालिका र जनताको बृहतर हित।

(ख) समन्वय सहकार्य र समावेशीकरण।

(ग) कानूनको शासन।

(घ) पारदर्शिता, जवाफदेहिता तथा इमान्दारिता।

(ङ) आर्थिक अनुशासन एवं भ्रष्टचारमुक्त चुस्त र जनमुखी कार्य।

(च) निर्णय प्रक्रिया तथा सूचनामा सर्वसाधारणको पंहुच।

(छ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

८. **निश्चित समयावधि भित्र निर्णय गर्नुपर्ने:** यस अन्तर्गत उप-समितिको निर्णय गर्न अधिकार प्राप्त अधिकारीले कुनै बिषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधि भित्र निर्णय गर्नु पर्ने भनि तोकिएमा सोही समयावधि भित्र र त्यस्तो व्यबस्था नभएमा निर्णय गर्नु पर्ने बिषयको प्रकृति हेरी निणर्य गर्न पाउने अधिकारीले उपयुक्त ठहराएको समयावधि भित्र निर्णय गर्नु पर्नेछ।

९. **निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने:** यस नियम वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट निर्णय गर्नु पर्नेछ र उक्त निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका सदस्यहरुको राय तथा परामर्शमा गर्नुपर्नेछ। उप-समितिको बैठकबा ट सिफारिस भई कार्यपालिकाबाट अनुमोदन भएका निर्णयहरु सार्वजनिक गर्नु पर्नेछ।

१०. **निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने:** प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बधित पदाधिकारीले गरेको निर्णय कुनकुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पस्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

११. **सार्वजनिक चासोको विषयमा निर्णय गर्ने बारे:** उप समितिले सार्वजनिक चासोको कुनै विषय निर्णय गर्नु अघि सरोकारवाला तथा नागरीक समाजसँग आवश्यक परामर्श गर्न सक्नेछ र साथै उक्त प्रस्तावित निणर्य गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेशण गरी त्यस बाट प्राप्त हुन सक्ने संभावित प्रभावको मूल्याङ्कन समेत गर्नु पर्नेछ।

१२. **आफ्नो जिम्मेबारी पन्छाउन नहुने:** कानून बमोजिम कार्यसम्पादन गर्नु पर्ने समितिका सदस्यहरुले आफूलाई सुम्पिएको वा कानून बमोजिम आफुले सम्पादन गर्नु पर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधि भित्र सम्पादन गर्नु पर्नेछ।

## परिच्छेद -४

## आर्थिक कार्यप्रणाली तथा जिम्मेवारी

१३. **बजेट तथा कार्यक्रम तर्जुमा:** उप समितले आगामी आर्थिक वर्षमा गर्नु पर्ने कामकाज तथा कार्यक्रमको निमित्त तोकिए बमोजिम बजेट तयार गर्ने गराउने उत्तरदायित्व संयोजकको हुनेछ र साथै उक्त बजेट तर्जुमा गर्दा विकास साझेदार र अन्तराष्ट्रिय सङ्घ संस्था बाट अनुदान स्वरुप प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नु गराउनु पर्नेछ। बजेट तर्जुमा गर्दा ऊर्जा विकास उप-समितिको लागि एक आर्थिक वर्षको लागि एकमूष्ट दैनिक कार्य सञ्चालन, बैठक सञ्चालन खर्च र अनुगमन तथा मूल्याङ्कन बजेट तर्जुमा गरी पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

१४. **सेवा सुविधा:** यस गाउँपालिकाको कार्यपालिकाबाट अनुमोदन गराएको अबस्थामा ऊर्जा विकास उप-समितिका पदाधिकारीहरुलाई बैठकमा सहभागी हुदाँ बैठक भत्ता, आतेजाते यातायात खर्च र बैठक चलेको समयमा स्थानीयस्तरमा पाईने खाजा उपलब्ध गराईनेछ। यदि उप-समितिका सदस्यहरु कार्यक्रमको कार्यान्वयन अविधिमा अनुगमन तथा मूल्याङ्कन गर्न जाँदा उप-समितिको संयोजकको स्वीकृति लिई र स्वंयम् संयोजक जाने अवस्थामा पूर्वाधार विकास समितिको संयोजकको स्वीकृति लिई कार्यान्वयन स्थलमा जान सकिनेछ र उक्त अवधिको दैनिक भ्रमण भत्ता, बास खर्च र यातायात खर्च गाउँ कार्यपालिकाको आर्थिक नियमावली अनुसार उपलब्ध गराउनु पर्नेछ।

१५. **कारोबारको लेखा:** उप समितिले कारोबारको लेखा प्रचलित कानून बमोजिम गाउँपालिकाको राजश्व तथा आर्थिक प्रशासन शाखाको समन्वयमा तयार गरी राख्नु पर्नेछ।

१६. **आर्थिक हिनामिना तथा अनियमितता गर्न नहुने:** उप समितिका कुनैपनि सदस्यले जानीजानी वा गलत मनसाय राखेर उप समितिमा कुनैपनि प्रकारको हानी नोक्सानी पुऱ्याउन वा आर्थिक हिनामिना गर्न वा अनियमितता गर्न गराउन हुदैन, त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१७. **जोखिम व्यवस्थापन:** उप समितिले रकम लगानी तथा त्यसमा रहेको जोखिम समेतलाई विश्लेशण गरी जोखिम व्यवस्थापन कार्ययोजना तयार गर्नेछ।

## परिच्छेद -५

## विविध

१८. **उच्च नैतिकता तथा व्यवसायिकता कायम गर्नुपर्ने:** उप समितिले सदस्यहरुको कामकारवाही तथा समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउन सदस्यहरुले पारदर्शिता, उच्च नैतिकता तथा व्यवसायिकता प्रदर्शन गर्नुपर्नेछ।

१९. **आचारसंहिता लागू हुने:** उप-समितिका पदाधिकारीहरुलाई प्रचलित कानूनमा उल्लेख भए बमोजिम र त्यस बाहेक देहायका थप आचारण सबै सदस्यहरुले पालना गर्नु पर्नेछ:

(क) बैठक हुनु भन्दा कम्तिमा एक हप्ता अगावै जानकारी गराई उपस्थितिको सुनिश्चिता गर्नुपर्नेछ।

(ख) कुनैपनि पदाधिकारी आफ्नो पदीय दायित्व मर्म अनुरुप प्रत्येक बैठकमा मुनासिव कारण सहितको अवस्था बाहेक अनिवार्य सहभागि हुनुपर्नेछ।

(ग) उप-समितिको कुनै पनि पदाधिकारी विना सूचना लगातार बढीमा तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा स्वतः खारेजीमा परेको मानिनेछ।

(घ) ऊर्जा विकास उप-समितिको कुनै पनि पदाधिकारहरुले आचार संहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ।

(ङ) कुनै कसैले उल्लघंन गरीएको पाईएमा उप-समितिको संयोजकले तत्काल स्पष्टिकण सोध्न सक्नेछ।

(च) सोधिएको स्पष्टीकरणमा चित्तबुझ्दो जवाब नआएमा उप-समितिको बैठकबाट निर्णय गरी आवश्यक कार्वाही गरीनेछ।

(छ) त्यस्तो आवश्यक कार्वाही अन्तगत केही समयको लागि निलम्बन वा पद खारेजी सम्मको निर्णय गर्नसक्नेछ।

२०. **समय पालना र नियमितताः** उप-समितिका सम्पूर्ण सदस्यहरुले निर्धारित समयमा नियमित रुपले कार्यलाई तीव्र रुपमा अगाडी बढाउनु पर्नेछ।

२१. **अनुशासन र आज्ञापालनः** उप समितिका सम्पूर्ण सदस्यहरुले अनुसाशनमा रही आफ्नो काम कर्तव्य इमान्दारिता र तत्परताका साथ पालन गर्नु पर्नेछ।

२२. **सूचना प्रवाहः** उप समितिले आफ्नो कार्यालयसँग सम्बन्धित सबै प्रकारका सूचनाहरु अध्यावधिक गरी राख्नुपर्नेछ र कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना बोर्ड व्यवस्थापन गर्नेछ।

२३. **दिग्दर्शन वा स्रोत पुस्तिका बनाउन सक्नेः** उप समितिले आफ्नो कामकारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो छरितो र मितव्यायी रुपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यक दिग्दर्शन वा स्रोत पुस्तिका बनाई लागु गर्न सक्नेछ।

२४. **खारेजी र बचाउः** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको कुनै पनि कानून, नियम तथा नवीकरणीय ऊर्जा नीतिसँग कुनैपनि बुदाँ बाझिन गएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ। साथै नवीकरणीय उर्जा सम्बन्धी यस अघि भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची -१

ऊर्जा विकास उप-समितिको कार्य विबरण

१. ऊर्जा विकास उपसमिति (Energy Development Sub-Committee: EDSC) पूर्वाधार विकास समिति (Infrastructure Development Committee: IDC), कार्यपालिका र गाउँ सभा प्रति जिम्मेवार हुनेछ र ऊर्जा सम्बन्धी निर्देशन र सुझावहरू कार्यान्वयन गर्न प्रतिबद्ध हुने।

२. उप-समिति ले नवीकरणीय ऊर्जा (Renewable Energy: RE) को लागी कानून, नियम र मानक सञ्चालन प्रक्रिया तयार गर्ने र पूर्वाधार विकास समिति मार्फत् कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने।

३. सङ्गठनात्मक विकासले नवीकरणीय उर्जा लाई बढावा दिन ऊर्जा इकाई र ऊर्जा विकास उपसमितिमा ध्यान केन्द्रित गर्ने।

४. ऊर्जा सेवा सम्बन्धमा गाउँपालिका मानिसहरूलाई सचेतना जगाउने।

५. उप समितिले ऊर्जा सम्बन्धित गतिविधिहरू समाहित गर्न वार्षिक योजना प्रक्रियामा सक्रिय भूमिका र नेतृत्व प्रदर्शन गर्ने।

६. ऊर्जा सम्बन्धी गतिविधिहरूको पहिचान, माग सङ्कलन, प्राथमिकता र बर्गीकरण साथै यथार्थवादी र प्रयोगकर्ता मैत्री गतिविधिहरू तयार गर्न सहयोग पुर्‍याउने सहित वार्षिक योजना प्रक्रियाको विभिन्न चरणहरूमा सक्रिय सहभागिता जनाउने।

७. ऊर्जा प्रवर्धनका लागि सम्भावित सरोकारवालाहरूको पहिचान सहित ऊर्जा विकास रणनीति तयार गर्ने।

८. आन्तरिक र बाह्य रूपमा नवीकरणीय ऊर्जा विकासको लागि सम्बन्धित पदाधिकारी तथा समितिको सहयोगमा स्रोतहरूको खोजी र परिचालन गर्ने।

९. जरुरी क्षेत्र र Dis-Advantaged Group (DAG) समुदाय र ऊर्जा वित्तीय पदोन्नति बाहेक अनुदान संयन्त्र बिस्तारै घटउने।

१०. उप समितिले भवन निर्माण नक्सा स्वीकृत गर्ने बेला ऊर्जा मैत्री भवन कोड थप्न पैरवी गर्ने

११. ऊर्जा विकास योजनाहरू, यसको कार्यान्वयन, अनुगमन र पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने प्रतिवेदन तयार पार्ने।

१२. ऊर्जा योजना र यसको कार्यान्वयनको समयमै सम्भावित नकारात्मक प्रभाव (वाताबरणीय, प्रकोप जोखिम र द्वन्द्व) को बारेमा आकलन गरी नकारात्मक प्रभाबहरूको कम गर्ने विकल्पहरू र व्यवस्थापन उपायहरूको अनुसरण गर्ने।

१३. प्रयोगकर्ताहरूको पक्षमा नवीन र रचनात्मक नवीकरणीय उर्जा प्रविधि प्रवर्धन गर्न र त्यसमा सेवाग्राहीको पहुँच बढाउन प्रयत्न गर्ने।

१४. निजी क्षेत्रका लागि उत्तम वातावरण निर्माण गर्दै नवीकरणीय उर्जा प्रबिधि स्थापना गरेपछि सेवा सुनिश्चित गर्न स्थानीय रूपमा बिक्री पछाडि सेवा संयन्त्र र यसको कार्यान्वयन विकासमा जोड दिने।

१५. क्षमता विकास योजना (प्रशिक्षण, अभिमुखीकरण, कार्यशाला र क्रस-लर्निंग भ्रमण आदि) र नवीकरणीय उर्जा प्रबिधिमा ज्ञान र सीप वृद्धि गर्न यसको प्रभाबकारी कार्यान्वयनमा जोड दिने।

१६. गाउँपालिका अध्यक्ष, प्रमुख पशासकिय अधिकृत र पूर्वाधार विकास समितिको समन्वयमा आवश्यकता अनुसार ऊर्जा विकास विज्ञहरूको प्रबन्ध मिलाउने।

१७. ऊर्जा विकास र प्रवर्द्धन गर्न विकास साझेदार (दातृ निकाय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्र) सँगको सहकार्य र साझेदारीमा ऊर्जा प्रबर्धन कार्यक्रमलाई प्राथमिकता दिने।

प्रमाणीकरण मितिः २०७७/०८/२९

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत